का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ चैत २०७९,
शनिबार
1 April 2023,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ६६ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



प्रचण्ड क्याबिनेट

## सय दिनमा सातौं पटक विस्तार

# तर अझै अपूर्ण

८ मन्त्रालय पाएको कांग्रेसले ४ जनाको नाम दिएको छैन । जसपाले पनि एक मन्त्रीको नाम दिन बाँकी छ । मन्त्रिपरिषद विस्तारमा असन्तुष्टि जनाउँदै खानेपानी मन्त्री अब्दुल खानले राजीनामा दिएपछि प्रचण्डको काँधमा ६ वटा मन्त्रालय कायमै रहेको हो ।



**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १७ चैत ।

१० पुस २०७९ मा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल प्रचण्डले शुक्रबार सातौं पटक मन्त्रिपरिषद् विस्तार गरेका छन् ।

नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा लगायतका दलहरुलाई समेटेर सुरुमा सरकार बनाएका प्रचण्ड नेतृत्वको सरकारलाई एमाले, राप्रपा लगायतका दलले दिएको समर्थन फिर्ता भएपछि नयाँ समिकरण अनुसार शुक्रबार मन्त्रिपरिषद विस्तार भएको हो । प्रचण्डले नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायत दललाई समेटेर मन्त्रिपरिषद् विस्तार गरेका हुन् । तर सरकारले अझै पूर्णता पाउन सकेको छैन् ।

प्रधानमन्त्री प्रचण्डले शुक्रबार कांग्रेसको सिफारिसमा चार सांसदलाई मन्त्री नियुक्त गरेका छन् । उपसभापति पूर्णबहादुर खड्का उपप्रधान तथा रक्षामन्त्री भएका छन् भने डा. प्रकाशशरण महत अर्थ, रमेश रिजाल उद्योग वाणिज्य तथा आपूर्ति र सीता गुरुङ शहरी विकासमन्त्री भएकी छन् ।

जनता समाजवादी पार्टी (जसपा)को सिफारिसमा अशोक राई शिक्षा विज्ञान तथा प्रविधिमन्त्री भएका छन् । एकीकृत समाजवादीका उपाध्यक्ष वेदुराम भुसाल कृषि तथा पशुपक्षी विकास र उपमहासचिव प्रकाश ज्वाला भौतिक पूर्वाधार तथा यातायातमन्त्री नियुक्त भएका छन् ।

माओवादी केन्द्रबाट उपमहासचिव शक्ति बस्नेत ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री बनेका छन् । उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठको भने मन्त्रालय फेरिएको छ । ११ पुसमा भौतिक पूर्वाधारमन्त्री भएका उनलाई गृह मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

सञ्चार तथा सूचनाप्रविधिमा रेखा शर्मा, पर्यटन तथा नागरिक उड्डयनमा सुदन किराती र संघीय मामिला तथा समान्य प्रशासनमा अमनलाल मोदीले निरन्तरता पाएका छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का शरदसिंह भण्डारी श्रम तथा रोजगार र नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री भएका छन् ।

नेपाल समाजवादी पार्टीका महिन्द्र राय यादव महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री बनेका छन् ।

सातौं पटक पुनर्गठन गर्दा पनि प्रचण्ड सरकारले पूर्णता भने पाउन सकेको छैन् । अझै ६ वटा मन्त्रालय प्रधानमन्त्रीसँग छ । किनकि ८ मन्त्रालय पाएको कांग्रेसले ४ जनाको नाम दिएको छैन भने जसपाले पनि एक मन्त्रीको नाम दिन बाँकी छ । मन्त्रिपरिषद विस्तारमा असन्तुष्टि जनाउँदै खानेपानी मन्त्री अब्दुल खानले राजीनामा दिएपछि प्रचण्डको काँधमा ६ वटा मन्त्रालय कायमै रहेको हो ।

# कांग्रेसमा आन्तरिक किचलो

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, १७ चैत ।

मन्त्री छनोटको विषयले नेपाली कांग्रेसभित्र रहेको आन्तरिक किचलो बाहिर आएको छ ।

शुक्रवार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् विस्तार गर्दा कांग्रेसबाट चार जना मन्त्री मात्रै सरकारमा सहभागी भए । गठबन्धनमा भएको सहमतिमा कांग्रेसले ८ मन्त्रालय पाए पनि अन्तिम समयमा पार्टी सभापति शेरबहादुर देउवाले शपथका लागि चार जनाको नाम मात्र प्रधानमन्त्री प्रचण्डलाई पठाएका हुन् । जसमा पूर्णबहादुर खड्का उपप्रधान तथा रक्षा, प्रकाश शरण महत अर्थ, रमेश रिजाल उद्योग र सीता गुरुङले सहरी विकास मन्त्रीको जिम्मेवारी पाएका छन् ।

तर, मन्त्री छनोटमा असन्तुष्टी जनाउँदै कांग्रेसको शेखर कोइराला- गगन थापा समूहले मन्त्रीको नाम पठाएन । यो समुहले तीन मन्त्री दाबी गर्दै आएको छ । भागवण्डामा दुई वटा मन्त्रालय दिने भनिएको थियो । तीन मत्रालय नपाएपछि यो नाम दिन नै अस्वीकार गरेको हो ।

नेताहरुका अनुसार सभापति शेरबहादुर देउवाले आफ्नो पक्षबाट अन्तिममा ६ जना मन्त्री बनाउने गरी र शेखर-गगन समूह दुई मन्त्री पठाउन भनेका थिए । त्यसपछि असन्तुष्ट समुहले तीन जना मन्त्री नपाएसम्म सरकारमा सहभागी नै नहुने निर्णय गरेको हो । एक नेताका अनुसार शेखर-गगन समूहलाई परराष्ट्र र युवा तथा खेलकुद मन्त्रालयका लागि नाम सिफारिस गर्न तोकेर देउवाबाट प्रस्ताव भएको थियो । त्यसपछि सभापतिजीलाई मन्त्री पठाउन सक्दैनौं भनेर खबर पठाएको ती नेताले जानकारी दिए ।



शेखर-गगन समूहले २ जना मन्त्रीको नाम पठाउन नसक्ने सन्देश पठाएपछि सभापति देउवाले शेखर कोइरालालाई फोन गरेका थिए । नेता कोइरालाले आफू निकट पदाधिकारीलाई साथमा राखेर तीन वटा मन्त्रालय नपाएसम्म नजाने जवाफ दिए । मन्त्री छनोटको कुनै विधि अवलम्बन नगरी पेल्ने नियतले सभापति प्रस्तुत भएको असन्तुष्ट समुहको बुझाई छ । मन्त्री छनोटमा गुटको मात्र सभापति भएपछि बाध्य भएर भाग खोज्ने परेको ती नेताको दाबी छ ।

नेपाली कांग्रेसले अर्थ, सहरी विकास, रक्षा, परराष्ट्र, उद्योग, स्वास्थ्य, कानुन र युवा तथा खेलकुद मन्त्रालय पाएको छ । शुक्रवार चारजना मन्त्री बनिसकेकाले बाँकी परराष्ट्र, स्वास्थ्य, कानुन र युवा तथा खेलकुद मन्त्रालय कांग्रेसकै कोटामा छन् । कांग्रेसले चार मन्त्री नपठाएकाले प्रधानमन्त्री प्रचण्ड आफैले सम्हालेका छन् । उपसभापति धनराज गुरुङले सहरी विकास मन्त्री हुने इच्छा देखाएका छन् । शेखर-गगन समूहका नेताहरूका अनुसार सहरी विकास, स्वास्थ्य र कानुन मन्त्रालय पाए मात्र मन्त्री बन्नेको नाम पठाइने छ ।

## वैदेशिक रोजगार विशेष

### श्रम मन्त्रीमा लोसपाका भण्डारी

## सबैलाई विश्वासमा लिएर समस्या समाधान गर्ने प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ चैत ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता शरतसिंह भण्डारी श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री नियुक्त भएका छन् । शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएका मन्त्री भण्डारीले शुक्रबार नै सिंहदरबारस्थित मन्त्रालयको कार्यकक्षमा पदभार ग्रहण गरेका छन् ।

शपथपछि मन्त्रालय पुग्दा मन्त्री भण्डारीलाई मन्त्रालयका सचिव एकनारायण अर्यालसहित मन्त्रालयका उच्च अधिकारी तथा कर्मचारीहरूले स्वागत गरेका थिए ।



पद बहालीका क्रममा मन्त्री भण्डारीले सबै सरोकारवाला 'स्टेक होल्डर'सँग छलफल गरी सबैलाई विश्वासमा लिएर समस्याको समाधान गर्ने बताए । परिणाम आउने गरी काम गर्न मन्त्रालयको प्रशासन चुस्त हुनुपर्ने भएकाले

पृष्ठ २ मा

### अब श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाटै

**काठमाडौं / रासस–** सरकारले आगामी वैशाख १ गतेदेखि वैदेशिक रोजगारीका लागि लिइने श्रम स्वीकृतिको आवेदन स्थानीय तहबाट गर्न सकिने व्यवस्था गरेको छ । अहिले नयाँ श्रम स्वीकृति र पुन: श्रम स्वीकृतिको काम अनलाइनबाट भइरहेको छ । अनलाइनबाट आफै श्रम स्वीकृतिका लागि आवेदन दिन नसक्नेले भने वैदेशिक रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायकबाट शुल्क तिरेर सेवा लिँदै आएका छन् । सरकारले स्थानीय तहमा रहेका रोजगार सेवा

पृष्ठ २ मा

## सरकार फेरियो, दु:ख फेरिएन

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १७ चैत ।

काठमाडौंको वानेश्वरमा वर्षोदेखि मकै पोलेर बेच्दै आएकी कमला शुक्रबारको झरीमा पनि साइडमा बसेर मकै पोलिरहेकी थिइन् । उमेरले ६० कटिसकेकी कमलाको अनुहारमा बुढ्यौली लागेको रेखा प्रष्टै देखिन्थ्यौं भने उनी बेलाबेला थकित भएर स्वाँस्वाँ पनि गर्थिन् । उनले मकै पोल्न सुरु गरेपछि सयौं मन्त्री दर्जनौं प्रधानमन्त्री बनिसकेका छन् । तर, जो आएपनि उनको जीवन जिउने तरिकामा भने परिवर्तन आउन सकेको छैन । 'को मन्त्री भए के नभए के हामी दुखीलाई हेर्ने को छ र ?' लामो स्वास फेर्दै कमलाले भनिन् । बानेश्वरमा भेटिएकी कमला त प्रतिनिधि पात्र मात्रै हुन् । नेपालमा अहिले कमला जस्तै धेरै व्यक्तिहरुलाई सरकार भएको नभएको आभाष नै भएको छैन । कारण हो अस्थिर सरकार अनि काम केही नगर्ने प्रवृत्ति । राजतन्त्रको अन्त्य भएर लोकतान्त्रिक पद्धतिको सुरुवात भएपनि जनताले भने परिवर्तनको आभाष नै गर्न सकेका छैनन् ।

'सरकार जनताको दुखसम्म पुग्नै सकेको छैन, जनताको मुद्धामा भन्दापनि भागबण्डा र सत्तामा मात्रै लिप्त हुने परम्पराका कारण देशको स्थितीमा परिवर्तन आएको छैन,' राजनीतिक विश्लेषक डा. राजेश अहिराजले भने । उनले बदलिदाँ परिवेश र अस्थिर राजनीतिले जनतामा निराशा छाएको बताएका हुन् ।

इतिहास हेर्ने हो भने पनि विस २०४७ वैशाख ६ मा कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा गठन भएको मिलीजुली सरकार २०४८ जेठ १२ गतेसम्म चलेर आम निर्वाचनमा ११० स्थानमा विजय हासिल गर्दै एकल बहुमतको सरकार गठन त भयो । तर, कांग्रेसभित्रको गुटबन्दीका कारण उक्त सरकार टिक्न सकेन र मध्यावधि चुनावको घोषणा भयो । मध्यावधि निर्वाचनमा कसैको बहुमत नआएपछि एमालेको नेतृत्वमा सरकार गठन भएको थियो । तर, कांग्रेसले अविश्वासको प्रस्ताव ल्याएपछि संसद् विघटन भएपनि अदालतको निर्णय अनुसार कांग्रेसका शेरबहादुर देउवाले नेतृत्व गरे ।

दशकौ अघिबाट सुरु

पृष्ठ २ मा

# अनधिकृत संरचना हटाउने सूचना कार्यान्वयन नगर्न आदेश



मध्यान्ह संवाददाता
काठमाडौं, १७ चैत

उच्च अदालत पाटनले नदी किनारका अनधिकृत संरचना हटाउने काठमाडौं महानगरको सूचना कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ।

न्यायाधीश धीरबहादुर चन्दको इजलासले काठमाडौं महानगरको सूचना तत्कालका लागि कार्यान्वयन नगर्न आदेश दिएको हो । साथै अदालतले दुवै पक्षको छलफलपछि मात्र त्यो आदेशले निन्तरता पाउने नपाउने तय हुने जनाएको छ । चैत २६ गतेको तारेख दिएको छ।

आदेशमा भनिएको छ, 'विपक्षी काठमाडौं महानगरपालिकाको कार्यालयबाट मिति २०७९ चैत ११ गते प्रकाशित सूचना कार्यान्वयन नगर्नू, यथास्थितिमा राख्नु भनी विपक्षी मध्येका काठमाडौं महानगरपालिकाका नाउँमा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) (क) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिएको छ।'यसअघि महानगरले शनिबार एक सूचना प्रकाशन गर्दै नदी बहाव, नदी उकास, नदी निकार र नदी करिडोरको सार्वजनिक क्षेत्रमा संरचना निर्माण तथा अनधिकृतरुपमा कब्जा गरी भोगचलन गरिरहेका सबै सरोकारवालालाई संरचना हटाउन निर्देशन दिएको थियो ।

## अनधिकृत संरचनामा डोजर

वीरगञ्ज महानगरपालिकाले सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका अनधिकृत संरचनामा डोजर चलाउन शुरु गरेको छ । वीरगञ्ज महानगरपालिका-२५ ड्राइपोर्टस्थित सार्वजनिक जमिन अतिक्रमण गरेर बनाइएको अनधिकृत घर टहरा डोजर लगाएर भत्काएको हो ।

ड्राइपोर्ट चोक नजिकै करिब १७ कट्ठा सार्वजनिक जग्गामा बनाइएका ४ वटा पक्की भवन तथा १७ वटा टहरामा डोजर लगाएर हटाइएको महानगरले जनाएको छ। अतिक्रमण हटाउने क्रममा स्थानीयले अवरोध समेत गरेका थिए । जिल्ला प्रहरी कार्यालय पर्सासँगको समन्वयमा प्रहरी टोली पुगेपछि उनीहरु पछि हटेका थिए ।

महानगरले ३२ वटै वडामा अतिक्रमणमा परेका सार्वजनिक तथा ऐलानी जग्गा खोजी गर्न, भौतिक पूर्वाधार अतिक्रमण खाली गर्न समिति बनाएको छ ।

मेयर राजेशमान सिंहले सार्वजनिक जग्गा वा भवन अतिक्रमण भएको सूचना महानगरलाई जानकारी गराउन आग्रह गरे ।

यसअघि महानगरले वडा नम्बर १९ मा करिब १६ विघा र वडा नम्वर २४ सिर्सिया पुल नजिक २ कट्ठा १० धुर जग्गा अतिक्रमण मुक्त गराइसकेको छ । चिल्ड्रेन पार्कको अतिक्रमण हटाउने काम चलिरहेको र अन्य वडामा रहेका सार्वजनिक तथा ऐलानी जग्गा खोजी भइरहेको महानगरले जनाएको छ ।

# एकैदिन एक सय ४२ जनामा कोरोना संक्रमण

मध्यान्ह संवाददाता
काठमाडौं, १७ चैत

नेपालमा पछिल्लो केही दिनयता कोरोना संक्रमण ह्वातै बढेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शुक्रबार एकैदिन एक सय ४२ जनामा संक्रमण देखिएको छ। एक हजार ७९ जनामा गरिएको परीक्षणमा उक्त संख्यामा कोरोना संक्रमण पुष्टि भएको हो । यसअघि चैत १६ गते ४२, चैत १५ गते ३४, चैत १४ गते २४ र चैत १३ गते ६९ जनामा संक्रमण देखिएको थियो । संक्रमित बढेसँगै सक्रिय संक्रमित पनि बढेको पाइएको छ। शुक्रबार सक्रिय संक्रमितको संख्या एक सय ६३ पुगेको मन्त्रालयले जनाएको छ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. चुमनलाल दासले भारतमा संक्रमण बढिरहेकाले खुला सीमा नाका कारणले त्यसको असर नेपालमा परेको बताए। उनले खुला सीमा नाकाबाट संक्रमित नेपाल भित्रिएको हुनाले संक्रमण बढेको बताए । भारतको उत्तर प्रदेशमा संक्रमण बढिरहेको छ। मन्त्रालयले कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि अतिरिक्त मात्रा (बुस्टर डोज) सबैलाई लगाउन निर्देशन दिएको छ । अहिले उपत्यकासहित सबै ठाउँमा बुस्टर डोज लगाउने अभियान सञ्चालन भइरहेको मन्त्रालयले जनाएको छ ।

### भारतबाट फर्किनेमा कोरोना

भारतको विभिन्न ठाउँबाट कञ्चनपुरको पश्चिमी सिमानाका गड्डाचौकीहुँदै घर फर्किनेमा कोरोना सङ्क्रमण देखिन थालेको छ। जिल्ला स्वास्थ्य कार्यालय कञ्चनपुरका अनुसार भारतबाट फर्किनेमा दैनिक कोरोना सङ्क्रमण देखिन थालेको छ। 'भारतबाट आएका दुई जनामा सङ्क्रमण देखिएको छ ।' जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दयाकृष्ण पन्तले भने, 'पछिल्लो समय भारतमा सङ्क्रमण बढ्न थालेपछि घर फर्किने नेपालीमा पनि संक्रमण देखिन थालेको छ ।' संक्रमण फैलिन थालेपछि स्वास्थ्य कार्यालयले आजदेखि जिल्लामा कोभिड-१९ विरुद्धको खोपको तेस्रो र चौथो मात्रा दिइँदै छ । 'अहिले एक/दुई जनामा संक्रमण देखिन थालेको छ', पन्तले भने, 'यहाँ कोभिड-१९ विरुद्धको खोप लगाउने संख्या धेरै कम छ ।' कोभिड-१९ महामारीविरुद्ध लड्न खोप लगाउनु आवश्यक रहेको उनको भनाइ छ । जिल्ला स्वास्थ्य कार्यालयका कोभिड-१९ फोकल पर्सन सिद्धराज भट्टले कञ्चनपुरमा कोरोनाको तेस्रो र चौथो मात्राको खोपका लागि ५० हजार डोज आएको जानकारी दिए।

**मष्टा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भातेखोला, बभ्फाङ्ग**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

**आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना**

**प्रकाशित मितिः २०७९/१२/१७**

उपरोक्त सम्बन्धमा यस मष्टा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बभ्फाङ्गका लागि यस आर्थिक वर्षमा Agriculture Machinery (Mini Triller 7HP, Multi Crop Thresher 7 HP, Seed Grinder mill machine 3 HP) खरिद गर्न Agriculture Machinery (Mini Triller 7HP, Multi Crop Thresher 7 HP, Seed Grinder mill machine 3 HP) खरिद कार्यका लागि यस कार्यालयले मिति २०७९/१२/०९ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका फर्म र अन्य फर्महरुलाई आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नका लागि धनगढी उप-महानगरपालिकाको कार्यालयको निर्णयनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) खण्ड(क) को (८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख)मा भएको व्यवस्थाको अधिनमा रही सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (१) (ख) अनुसार उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिंग) खरिद गर्ने कार्यविधि, २०७४ को नियम ९(ख) बमोजिम ७(सात) दिन भित्र यस मष्टा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सिलबन्दी सहित प्रस्ताव पेश गर्न हुन अनुरोध गरिन्छ ।

**अमर वहादुर जेठारा**
**नि.प्रमुख प्रशासकिय अधिकृत**

# खसीबोका चोरी गर्ने गिरोहसहित मासु पसल सञ्चालक पक्राउ

**भक्तपुर/मस-** भक्तपुरका विभिन्न ठाउँबाट घरको गोठमा बाँधिएका खसीबोका चोरी गरेर बिक्री गर्ने गिरोहमध्येका दुई जनासहित मासु पसल सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ। खसीबोका चोरी गरी बा २ ज ४३२७ नम्बरको ट्याक्सीमा राखेर बिक्री गर्न लैजाँदै गरेका ट्याक्सी चालक रामेछाप दोरम्बा-१ घर भई हाल सूर्यविनायक बस्ने २४ वर्षीय सुमन तामाङ र रामेछाप दोरम्बा-७ घर भई हाल मध्यपुरथिमि बस्ने ४० वर्षीय मिलन तामाङलाई प्रहरीले पक्राउ गरेको प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जानकारी दिए ।

प्रहरीले चोरी भएका खसीबोका खरिद गरी मासु बिक्री गर्दै आएका रामेछाप मन्थली नगरपालिका-५ सुनारपानी घर भई हाल जिल्ला काठमाडौं पेप्सीकोला बस्दै रामेछाप उदयपुर मासु पसल सञ्चालन गर्ने ४३ वर्षीय दिलबहदुर कार्कीलाई पनि पक्राउ गरेको छ ।

प्रहरीको अनुसन्धानका क्रममा काभ्रेपलाञ्चोकको विभिन्न आठ स्थानबाट र भक्तपुरको १७ स्थानबाट चार बोका र ३६ खसी गरी ४० खसीबोका चोरी गरेर बिक्री गरेको खुल्न आएको उनले जानकारी दिए ।

दललाई मिलाउनुपर्ने भएपछि सरकारभित्र असन्तुष्टि चुलिएको छ भने जनमत पार्टीका मन्त्रीले शपथ लिनेबित्तिकै राजीनामा समेत गरेका छन् । एकपछि अर्को गर्दै बढेको अस्थिरता र भागबण्डामा मात्रै केन्द्रित राजनीतिले परिवर्तन ल्याउने आशा नदेखेपछि जनवितृष्णा पनि चुलिएको छ । अर्कोतर्फ देशमा भविष्य नदेखेर विदेशिने युवाको संख्या पनि लाखौं पुगिसकेको छ । तरपनि, देशलाई निकास र परिवर्तन दिने दाबी गर्ने नेताहरु सत्ताको भागबण्डामा मात्रै केन्द्रित छन् ।

## श्रम...

सोही अनुसारको तयारी गर्न नवनियुक्त मन्त्री भण्डारीले कर्मचारीलाई निर्देशन दिएका छन्। पञ्चायतकालदेखि मन्त्री हुँदै आएका ६८ वर्षीय भण्डारी यसपटकसमेत गरी बाह्रौं पटक मन्त्री बनेका हुन्। लामो समय नेपाली कांग्रेसमा राजनीतिमा सक्रिय मन्त्री भण्डारीसँग विभिन्न मन्त्रालय सम्हालेको अनुभव छ ।

लोसपाका वरिष्ठ नेताको हैसियतमा रहेका मन्त्री भण्डारी महोत्तरी जिल्लाबाट पटक-पटक निर्वाचित हुदै आएका छन् । २०५१ कात्तिकमा भएको मध्यावधि निर्वाचनमा उनी स्वतन्त्र हैसियतले प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए । २०४४ सालमा पञ्चायत तथा स्थानीय विकास सहायक मन्त्री बनेर सिंहदरबार प्रवेश गरेका भण्डारी त्यसको ६ वर्ष अगाडि २०३८ मा राष्ट्रिय पंचायत सदस्य बनेका थिए । २०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्यमा निर्वाचित भण्डारी त्यसयता वाणिज्य राज्यमन्त्री, बिना विभागीय राज्यमन्त्री, दुई पटक युवा, खेलकूद तथा संस्कृति मन्त्री, स्वास्थ्य मन्त्री, पर्यटन तथा नागरिक उड्डयन मन्त्री, रक्षामन्त्री भइसकेका छन् । रक्षामन्त्री भएको समयमा तराई मधेशका युवाको नेपाली सेनामा सामूहिक प्रवेश नभए तराई टुक्रिने भनि उनले दिएको अभिव्यक्तिको चौतर्फी विरोध भएपछि राजीनामा दिएका थिए । २०७८ जेठमा उनी उर्जा, जलस्रोत तथा सिंचाई मन्त्री बनेका थिए । मन्त्री भण्डारीको राजनीति प्रवेश भने २०३२ सालमा नेपाली कांग्रेसका भ्रातृ संगठन नेपाल विद्यार्थी संघ(नेविसंघ)बाट भएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा भण्डारीको नियुक्तिलाई आफूहरूले सकारात्मकरूपमा लिएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । संघले आइतबार कार्यसमितिको तर्फबाट नवनियुक्त मन्त्री भण्डारीलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना दिने तयारी गरेको छ । शुक्रबार नै मन्त्री भण्डारीलाई भेटेर शुभकामना व्यक्त गरेका संघका अध्यक्ष भण्डारीले शुभकामना कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रमा रहेका समसामयिक समस्याको समाधानका विषयमा छलफल गर्ने मध्यान्ह दैनिकलाई बताए ।

## अब...

केन्द्रमार्फत नै निःशुल्करूपमा आवेदन दिन सक्ने निर्णय गरेको छ। सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने उद्देश्यअनुरुप स्थानीय तहबाट नै सेवा प्रवाह हुनु फलदायी हुने भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रीस्तरबाट बुधबार उक्त निर्णय गरेका थिए । स्थानीय तहबाटै वैदेशिक रोजगार सम्बन्धी सूचना सरोकारवालामा पुऱ्याउने र वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि आवेदन गर्ने कार्य आगामी वैशाख १ गतेदेखि स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत समेत गर्ने गरी प्रधानमन्त्रीबाट निर्णय भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका सहप्रवक्ता कविराज उप्रेतीले रोजगार सेवा केन्द्रबाट नै श्रम स्वीकृतिका लागि आवेदन दिन सकिने भएपछि वैदेशिक रोजगारीमा जाने श्रमिकले निकै फाइदा लिनसक्ने बताए ।

आफ्नो गाउँमै रहेको सेवा केन्द्रमार्फत आवेदन दिन सकिने भएपछि रोजगार कार्यालय आसपास रहेका सेवा प्रदायककोमा फारम बुझाउन जान नपर्ने उनको भनाइ छ। 'अब श्रमिकले सटरमा फारम बुझाउन जान परेन, रोजगार सेवा केन्द्रबाट निःशुल्क सेवा लिन सकिनेछ, यसबाट श्रमिकको समय र पैसा पनि बचत हुन्छ', सहप्रवक्ता उप्रेतीले भने। सरकारी निकायबाटै आवेदन दिन सकिने भएपछि श्रम स्वीकृतिका लागि आवश्यक कागजपत्र नपुगेको भन्दै सेवाप्रदायकले सेवाग्राहीसँग गर्ने अनुचित लेनदेनको अवस्था पनि यसले अन्त्य गर्ने उनको विश्वास छ। 'कागजपत्र लिने र स्क्यान गर्ने तर कुनै कागजपत्र श्रम स्वीकृति लिने प्रणालीमा अपलोड नगर्ने र सेवाग्राहीसँग कागजात पुगेन भन्दै बार्गेनिङ गर्ने प्रवृत्ति अन्त्य हुनेछ', सहप्रवक्ता उप्रेतीले भने । सेवा केन्द्रबाट आवेदन दिँदा सम्बन्धित स्थानीय तहबाट कति श्रमिक वैदेशिक रोजगारीमा गए, कुन-कुन सीपयुक्त जनशक्ति बाहिरिए भनी तथ्याङ्क राख्न पनि सहयोग हुनेछ। बेरोजगार र रोजगारको स्थितिका बारेमा पनि जानकारी लिन सकिने उनको भनाइ छ। मन्त्रालयले चैत महिनाभित्रै रोजगार सेवा केन्द्रमा रहेका कर्मचारीलाई अभिमुखीकरण गर्ने तयारी गरेको छ । 'चैतभित्र अभिमुखीकरण सम्पन्न गरी वैशाख १ देखि कार्यान्वयन गर्ने तयारी गरेका छौँ', उनले भने, 'रोजगार संयोजक र सहसंयोजकलाई अनलाइबाटै अभिमुखीकरण गर्ने योजना छ ।'

सरकारले सात सय ५३ स्थानीय तहमा रोजगारसम्बन्धी सेवा प्रवाहमा सहजीकरण गर्ने गरी रोजगार सेवा केन्द्र स्थापना गरेको छ। उक्त केन्द्रमा रोजगार संयोजक र रोजगार सहसंयोजक गरी दुई कर्मचारीको दरबन्दी उपलब्ध गराइएको छ ।

## सरकार...

भएको अस्थिरताको श्रृखंला अघिल्लो सदनले पनि ब्योहोर्नुपर्यो। एमाले माओवादी सहितको नेकपाले दुईतिहाइ नजिकको मत पाउँदा पनि नेताहरुबीचको विवादले गर्दा केपी ओलीले संसद् विघटन गरेर देश पुन अस्थिरतातर्फ अघि बढेको थियो । पछि देउवाको नेतृत्वमा सरकार गठन भएर स्थानीय, प्रदेश र संघको चुनाव सम्पन्न भयो । चुनावबाट मिश्रित र फरक नतिजा आएपछि ५ दलीय गठबन्धन टुटाएर प्रचण्डले एमाले अध्यक्ष ओलीको नेतृत्वमा सरकार गठन गरे ।

तर, नयाँ सरकार गठन भएको ६४ दिनमै अल्पमतमा परेपछि प्रचण्ड पुन पाँच दलीय गठबन्धनतर्फ नै फर्किएर सरकारको पुर्नगठन गरेको छन् । स्वतन्त्रसहित धेरैवटा

**सोरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जिमा, मुगु**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०७९।१२।१८**

यस कार्यालयबाट तपशिलमा उल्लेखित योजना निर्माणको लागि राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिम न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रायोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि नं. | ठेक्का नम्बर | कामको विवरण | छनोट भएका बोलपत्रदाताहरु | स्वीकृत भएको रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | SRM/NCB/WORKS/BCW/03/2079-080 | Taja Gaun To Bajur Mai Tample Bato Construction Work | विजुली निर्माण सेवा सोरु १ | २९८८०१६।२४ | |
| २ | SRM/NCB/WORKS/RC/04/2079-080 | Lapka To Syada Road Construction Work | वि एस निर्माण सेवा सोरु १ | २४९४४६६।४० | |
| ३ | SRM/NCB/WORKS/RC/05/2079-080 | Chautara to Musinamela Road Construction Work | निसान निर्माण सेवा सोरु १ | ४८१८११९।०३ | |
| ४ | SRM/NCB/WORKS/BC/06/2079-080 | Ward No. 2 Office Building Construction Work | निसान निर्माण सेवा सोरु १ | ५७८१४५९।०५ | |
| ५ | SRM/NCB/WORKS/BC/07/2079-080 | Ward No. 4 Office Building Construction Work | निसान निर्माण सेवा सोरु १ | ५४४२५२९।४६ | |
| ६ | SRM/NCB/WORKS/BC/08/2079-080 | Ward No. 5 Office Building Construction Work | आयुश निर्माण सेवा सोरु ५ | ५७९१७६५।२२ | |
| ७ | SRM/NCB/WORKS/BC/09/2079-080 | Ward No. 7 Office Building Construction Work | विराज निर्माण सेवा सोरु ७ | ५७८९२७०।२३ | |
| ८ | SRM/NCB/WORKS/BC/10/2079-080 | Ward No. 9 Office Building Construction Work | डि आर कन्ट्रक्सन सोरु ९ | ५७८०४६५।२२ | |
| ९ | SRM/NCB/WORKS/BC/11/2079-080 | Ward No. 11 Office Building Construction Work | मष्टा कन्ट्रक्सन एण्ड सप्लायर्स सोरु १० | ५७५२०७९।०५ | |
| १० | SRM/NCB/WORKS/BL/12/2079-080 | Rauchya Apple Farm Boundary Line Construction Works | हिमाल निर्माण सेवा खत्याड | २९९४०१४।३७ | |

**प्रमुख प्रशासकीय अधिकृत**

# मुलुक परिवर्तनमा पत्रकारिताको ठूलो योगदानः मन्त्री शर्मा



**लुम्बिनी/मस–** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकको परिवर्तन, संविधान निर्माणलगायत सबै आन्दोलनमा पत्रकारिताको छुट्टै भूमिका रहेको बताएकी छन् ।

उनले पत्रकारिताको अबको भूमिका फरक रहने भन्दै भूमिका परिवर्तन गर्न आग्रह गरिन् । नेपाल पत्रकार महासंघको आयोजनामा शुक्रबार बुद्ध जन्मस्थल लुम्बिनीमा भएको राष्ट्रिय मिडिया सम्मेलन-२०७९ को उद्घाटन गर्दै मन्त्री शर्माले अबका दिनमा भएका परिवर्तनले जनतालाई के दियो भन्ने विषयमा मिडिया चनाखो हुन आवश्यक रहेको बताइन् ।

उनले भनिन्, 'लामो समयसम्मको प्रयासमा पनि कानून बन्न नदिने र बनेका कानून पनि कार्यान्वयन हुन नदिने अवस्थाका बारेमा मिडियाले आवाज उठाउन आवश्यक छ ।'

मन्त्री शर्माले पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण गरेर मात्रै नहुने भन्दै त्यसको कार्यान्वयनलाई जोड दिनुपर्ने बताइन् । उनले मिडिया सम्मेलनले न्यूनतम पारिश्रमिकको कार्यान्वयनका विषयमा गम्भीर छलफल गर्न सुझाव समेत दिइन् ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष शिक्षु मैत्तयले लुम्बिनीको विकासका लागि सञ्चार क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताए ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रार डा.तिलक आचार्यले मिडियालाई समृद्धि र शान्तिको पक्षमा सकारात्मक भएर काम गर्न आग्रह गरे ।

महासंघका सल्लाहकार डा.महेन्द्र विष्टले परम्परागत ढाँचाबाट मिडियालाई लामो समय टिकाउन सकिने अवस्था नभएको र मिडिया क्षेत्रको पुनःसंरचनामा जोड दिए । महासंघका निवर्तमान अध्यक्ष गोविन्द आचार्यले मिडियाको दर्ता तथा नवीकरण जस्ता सामान्य कुराका लागि पनि काठमाडौं धाउनुपर्ने बाध्यताको अन्त्य गरिनुपर्ने बताए ।

महासंघका सल्लाहकार निर्मला शर्माले प्रेस स्वतन्त्रताको विषयमा सम्मेलनमा गम्भीर छलफल हुनुपर्ने बताए । प्रेस युनियन नेपालका अध्यक्ष शिव लम्सालले शुद्धीकरणका लागि प्रेस काउन्सिल जस्तै छुट्टै संरचना बनाएर लाग्न सुझाव दिए ।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश बस्नेतले महासंघको सदस्यता शुद्धीकरणमा नेपाल पत्रकार महासंघलाई खुट्टा नकमाउन आग्रह गरे । प्रेस सेन्टर नेपालका अध्यक्ष विष्णु सापकोटाले नयाँ ल्याउने भनिएको सञ्चार विधेयक विगतमा जस्तो छलफलमै सीमित नगराउन सरकारसँग आग्रह गरे । महासंघ अध्यक्ष विपुल पोखरेलको अध्यक्षतामा भएको थियो ।

# उपनिर्वाचनका लागि तनहुँ र बारामा २६ दल दर्ता

**काठमाडौं/मस–** निर्वाचन आयोगले आगामी वैशाख १० मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि दर्ता भएका राजनीतिक दलको विवरण सार्वजनिक गरेको छ । उपनिर्वाचनका लागि तनहुँ निर्वाचन क्षेत्र नम्बर १ र बारा निर्वाचन क्षेत्र नम्बर २ का लागि आयोगको निर्णयअनुसार २६ राजनीतिक दल दर्ता भएका छन् । चितवन क्षेत्र नम्बर २ का लागि राजनीतिक दल दर्ताको विवरण यसअघि सार्वजनिक भइसकेको छ ।

आयोगकाअनुसार चितवन क्षेत्र नम्बर २ मा १८ दल दर्ता भएका छन् । उपनिर्वाचनका लागि तोकिएबमोजिमको ढाँचामा मतदाता नामावली उपलब्ध गराउने व्यवस्था मिलाउन आयोगले प्रदेश र जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिएको छ ।

# मुख्यमन्त्री शर्मालाई दोस्रो पटक विश्वासको मत



**सुर्खेत/मस–** कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले दोस्रो पटक विश्वासको मत प्राप्त गरेका छन् । शुक्रबार बसेको प्रदेशसभाको नवौं बैठकबाट उनले विश्वासको मत प्राप्त गरेका हुन् । मतदानमा सहभागी ३९ सांसदमध्ये मुख्यमन्त्री शर्माको पक्षमा ३८ मत परेको थियो भने विपक्षमा १ मत परेको थियो । उनले नेकपा माओवादी केन्द्रको १३, नेपाली कांग्रेसको १४, नेकपा एमालेको ९, एकीकृत समाजवादीको १ र एक स्वतन्त्र सांसदको मत प्राप्त गरेका हुन् । उनले राप्रपा बाहेक सबै दल र स्वतन्त्र सांसदकोसमेत मत प्राप्त गरेका हुन् । यसअघि उनले गत माघ ६ गते एमाले, राप्रपासहितको विश्वासको मत प्राप्त गरेका थिए । राप्रपाले दिएको समर्थन फिर्ता लिएपछि उनले दोस्रो पटक विश्वासको मत लिएका हुन् ।


## Aanbookhaireni Rural Municipality
### Office of Rural Municipal Executive
Aanbookhaireni-3, Tanahun

**Invitation for Bids**

**First date of Publication: April 1, 2023 A.D.**

**Invitation for Sealed Quotation for the procurement of supply, delivery, installation of Two Seater fibre school desk bench**

**Contract ID: AKRM/SPW/GOODS/24/079/80**

1. The Aanbookhaireni Rural Municipality invites sealed quotations from registered Suppliers for the procurement of supply, delivery, installation of Two Seater fibre school desk bench.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of *Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3, Tanahun, 065-540699, www.aanbookhairenimun.gov.np,akruralmunicipality73@gmail.com.*
3. A complete set of Bidding Documents may be purchased from the *Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3,Tanahun* by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till [April 16, 2023 A.D.] during office hours or original voucher of Nrs. 1000.00 to deposited to Antarik Rajaswo Khata of aanbookhaireni rural municipality office, account no. 0170061845400028
4. Sealed bids must be submitted to the office *Aanbookhaireni Rural Municipality Office, Aanbookhaireni-3, Tanahun* by hand on or before [12:00 Noon] on April 17, 2023 A.D]. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [April 17, 2023 A.D and 2:00 PM at the office of *Aanbookhaireni Rural Municipality Office*. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs. 50,000.00 which shall be valid for 75 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.0170061845400101, Account Name Aanbookhaireni Gaupalika at Machchapuchre Bank Ltd., Aanbookhaireni Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.


# हुम्लामा बाबुछोराले सँगै दिए एसईई

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १७ चैत



हुम्लामा ६० वर्षीय बुबा र १५ वर्षीय छोराले सँगै माध्यमिक शिक्षा परीक्षा (एसईई) दिएका छन् ।

जिल्लाको मध्य भेगमा रहेको कोट माध्यमिक विद्यालय रोडिकोट परीक्षा केन्द्रमा सर्केगाड गाउँपालिका-५ का ६० वर्षीय मानबहादुर शाही र १५ वर्षीय छोरा यज्ञबहादुर शाहीले सँगै एसईईको परीक्षा दिएका हुन् ।

पुरानो पुस्ता र नयाँ पुस्ताका बाबुछोराले सँगै एसईईको परीक्षा दिएको कोट माध्यमिक विद्यालय एसईईका केन्द्राध्यक्ष मुमलाल आर्चायले बताए ।

त्यस्तै हिमज्योति माध्यमिक विद्यालय सर्केगाड परीक्षा केन्द्रबाट सर्केगाड गाउँपालिका-१ का ५० वर्षीय बाबु नन्दलाल बुमी र १६ वर्षीया छोरी जयलक्ष्मी बुमीले पनि एसइईको परीक्षा दिएको केन्द्राध्यक्ष जयबहादुर धामीले बताए ।

त्यसैगरी अदानचुली गाउँपालिका-२ का ४८ वर्षीय कमलबहादुर बुढा र उनका २३ वर्षीय छोराले सूर्यदय माध्यमिक विद्यालयको परीक्षा केन्द्रबाट परीक्षा दिएका छन् ।

**२८ जना अनुपस्थित**

यस्तै जिल्लाका ६ परीक्षा केन्द्रमा एक हजार दुई सय ३४ परीक्षार्थीमध्ये २८ जना अनुपस्थित रहेका छन् । बालमन्दिर माध्यमिक विद्यालय परीक्षा केन्द्रमा दुई सय ५६ परीक्षार्थीमध्ये दुई अनुपस्थित रहेको र मानसरोवर माध्यमिक विद्यालय परीक्षा केन्द्रमा एक सय ८० परीक्षार्थी मध्ये पाँच परीक्षार्थी अनुपस्थित रहेको शिक्षा विकास तथा समन्वय एकाइका सूचना अधिकारी भीमराज कार्कीले बताए ।

हिमज्योति माध्यमिक विद्यालय परीक्षा केन्द्रमा दुई सय ५३ परीक्षार्थी मध्ये छ परीक्षार्थी अनुपस्थित, सूर्यदय माध्यमिक विद्यालय परीक्षा केन्द्रमा एक सय ५७ जना परिक्षार्थीमध्ये एक जना अनुपस्थित, मदानदेव माध्यमिक विद्यालय परीक्षा केन्द्रमा दुई सय ४० परीक्षार्थीमध्ये दुई अनुपस्थित र कोट माध्यमिक विद्यालय रोडिकोट परीक्षा केन्द्रमा एक सय ४८ परीक्षार्थीमध्ये चार अनुपस्थित रहेको सूचना अधिकारी कार्कीको भनाइ छ ।

# एसईई परीक्षामा खटिएका असईको निधन



**रौतहट/मस–** एसईई परीक्षाका लागि खटिएका एक प्रहरीको निधन भएको छ । रौतहट जिल्लाको गौर नगरपालिका-२ घर भई हाल इलाका प्रहरी कार्यालय लोहारपट्टीमा दरबन्दी रहेका प्रहरी सहायक निरीक्षक (असई) ललनकुमार राय पटेलको निधन भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरीले बताए ।

बलवा नगरपालिका १० स्थित राष्ट्रिय जनता माध्यमिक विद्यालय धमौरा परीक्षा केन्द्रमा भइरहेको एसईई परीक्षामा सुरक्षार्थ खटिएका उनको ड्युटीमै रहेको बेला अचानक स्वास्थ्य अवस्था बिग्रिएपछि उपचारका लागि जनकपुरस्थित प्रादेशिक अस्पतालमा लगिएको थियो । उनको उपचारकै क्रममा अस्पतालमा निधन भएको हो । उनको शव परीक्षणका लागि अस्पतालमा राखिएको छ ।

### चिट चोराएको आरोपमा निरीक्षक पक्राउ

धनुषामा माध्यमिक शिक्षा परीक्षा (एसईई) मा खटिएका एक निरीक्षक पक्राउ परेका छन् । धनुषाको लक्ष्मीनियाँ गाउँपालिका सपहीस्थित बीपी कोइराला माविस्थित परीक्षा केन्द्रमा खटिएका निरीक्षक नागेन्द्र यादव पक्राउ परेका हुन् ।

धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालका अनुसार कक्षाकोठा बाहिरबाट प्रश्नपत्रका उत्तर आफ्नो मोबाइलमा पठाउन लगाएर विद्यार्थीलाई चिट चोरी गराएको फेला परेपछि निरीक्षक यादवलाई पक्राउ गरिएको हो । यादव जनता आधारभूत माध्यमिक विद्यालय (बनिगा, लक्ष्मिनियाँ) का शिक्षक हुन्।

परीक्षाको पहिलो दिन नै उनले मर्यादा विपरीतको काम गरेपछि पक्राउ गरिएको बताइएको छ ।

यसैबीच अंग्रेजी विषयको सट्टा नेपाली विषयको प्रश्नपत्र पुगेपछि धनुषाको एक परीक्षा केन्द्रमा झण्डै एक घण्टा ढिलो एसईई परीक्षा शुरु भएको छ । धनुषाको औरही गाउँपालिका स्थित मा.वि. चक्कर परीक्षा केन्द्रमा ५० मिनेट ढिलो परीक्षा शुरु भएको हो । बिहान ८ बजे शुरु हुने परीक्षा ८ बजेर ५० मिनेटमा शुरु भएको थियो । प्राविधिक गडबडीले अंग्रेजी विषयको खाममा नेपाली विषयको प्रश्न पत्र पाइएपछि मुचुल्का गरेर ढिलो गरी पुरीक्षा शुरु गरिएको जिल्ला शिक्षा समन्वय इकाइ धनुषाका प्रमुख युक्त शर्माले जानकारी दिए ।


## दोधारा चाँदनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दोधाराचाँदनी, कञ्चनपुर
सुदुरपस्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०७९।१२।१८)

यस कार्यालयबाट मिति २०७९।११।१४ गते राष्ट्रिय स्तर को दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई मल्याङ्कन समितिबाट स्वीकृतको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कामको बिवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (मु.अ.क बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ११/२०७९/०८० | वडा कार्यालय भवन निर्मँण योजना, वडा नं ०२ | श्री कैलपाल निर्माण सेवा, दो.चा.न.पा ०५ कंचनपुर | १२,२४,७९८।८९ | |
| २ | १२/२०७९/०८० | वुढाथोकी खल्ला देखि माहाविर धामी घर सडक कालोपत्रे निर्माण योजना, वडा नं ०२ | श्री न्यु हुनैनाथ निर्माण सेवा, दो.चा.न.पा ०२ कंचनपुर | २५,६५,६८९।७४ | |

**प्रमुख प्रशासकीय अधिकृत**



कथा

# कल्पनाको उडान

मैले पनि आखैं नफिम्काई हेरिराखैं । खै किन हो ? उहाँहरुको अनुहार अल्ली मलिन लाग्यो मलाई । आमा-बालाई सिलोक हाल्न लगाएर फोनमा रेकर्ड गरैं । माइतिका चोटा चोटा चाहारैं । आँगनको सुन्तलाको बोटले पनि नुघेर मलाई ढोगे जस्तो गऱ्यो । लटरम्म फलेका सुन्तला पोल्टा भरी टिपेर खाएँ ।



■ सत्या अधिकारी



माघ महिनाको मुटु ठिहिऱ्याउने ठन्डीले केही काम गर्ने जाँगर छैन । बाहिर घाम लागेर दिन उज्यालो भए पनि मेरो मन हाँडी घोप्ट्याएको जस्तो भएको छ । पुराना यादहरुको डोभ पुरिनु पर्नेमा झन् गाढा भएको छ । म्याराथन चल्दै छ मनभित्र तिनै यादहरुको ।

एउटै छानाभित्र पनि अरु सबै खुशी हुँदा म चाहिँ किन यति दुःखी ? आफैँलाई थाहा छैन । दिवङ्गत आमा-बाको यादले आज निक्कै सताएको छ मलाई । उहाँको सम्झनामा टोलाउँदै थिएँ, कतिबेला केमा चढेर पुगेछु ? माइतको आँगनमा । पत्तै पाइन । वात्सल्यको मुटु लिएर मेरी आमा तगारोमै लिन आउनु भयो । मलाई देखेर ८२ वर्षे बाका मुजा परेका गाला तन्किएका थिए । एकछिनको भलाकुसरी पछि आमाले भान्छामा बोलाउनु भयो । अघि घरको तगारोसम्म बसाएको कालो झिनुवाको खाजा, आलु मस्यौराको तरकारी र बाले भर्खर बेशीबाट दुहेर ल्याएको बकेर्नो भैंसीको दूध । जुन अगेनाको भदालोमा खट्खट उम्लीरहेको थियो । त्यसैसँग खपाकप खाएँ । पेट अघाएपनि मुख अघाएन । फेरि थपैं । टुलुटुलु हेरीराख्नु भएको थियो बा-आमाले मलाई । कहिल्यै देख्न नपाए झैँ ।

ज्वाइँ र नातिनातिनाको बारेमा सोध्नु भयो । भन्दै गएँ । कस्तो अनौठो लाग्यो । मैले पनि आखैं नझिम्काई हेरीराखेँ । खै किन हो ? उहाँहरुको अनुहार अल्ली मलिन लाग्यो मलाई ।

आमा-बालाई सिलोक हाल्न लगाएर फोनमा रेकर्ड गरेँ । माइतिका चोटा चोटा चाहारेँ । आँगनको सुन्तलाको बोटले पनि नुघेर मलाई ढोगे जस्तो गऱ्यो । लटरम्म फलेका सुन्तला पोल्टा भरी टिपेर खाएँ ।

सिकुवामा गएँ । जहाँ मेरी आँबोइ सुत्नुहुन्थ्यो । आँबोईको बास्ना मगमगाएको थियो, त्यो सिकुवाको ढिस्कोमा । त्यहीँ पल्टीएँ । बा-आमाका कुरा सुन्दै थिएँ, एक्कासी झस्किएछु ।

चुलोबाट डेक्चीको दूध भुइँभरी पोखिँदै थियो । दायाँ-बायाँ हेरेँ कोही थिएनन् । सबैजना घाम ताप्न गएको अनुमान लगाएँ । हतार हतार पानी सोस्नेले पुछेँ । फेरि सोच्न थालेँ, गज्जब लाग्यो । कप्युटरको चिप्स भन्दा छिटो दौडने मेरो मन देखेर । एकैछिनमा बिना साधन यति टाढा पुग्न सकेँ । फेरि उ बेला आँबोईले भनेको कुरा सम्झेँ । "मेरो कान कराएर माइत पुग्यो नानी !" उहाँको माइत धेरै टाढा थियो रे यहाँबाट ! के भन्नुभएको होला ? जस्तो लाग्थ्यो त्यतिबेला । आज म आफै पुगेँ यति टाढा । कल्पनाको उडान भर्दै ।

दुबै आँखा भरिएर आए । आँशुको कुनै रंग नभएकोले पुछ्न हतार गरिन । मन हलुका हुने आशले अविरल बग्न दिएँ । वर्षदैं ओभाउँदै गरे पालैपालो । आमा-बाको यादमा मेरा दुबै परेला ।

जति आदर्शका कुरा गरेपनि मुखले मात्र हो आमा ! पराई घरमा राम्रो कामको कदर हुन्न रहेछ । अलिकती कतै गल्ती फेला पर्छ कि भनेर कुर्नेहरुको भिड हुने रहेछ । यहाँ त जति गल्ती गरेपनि आइन्दा नगर्नु भन्दै माफ पाइन्थ्यो । पराईघरमा जति राम्रो गर्दा पनि आफ्नो बनाउँन सकिँदो रहेनछ । र त पराई घर भनेका रहेछन् मान्छेहरुले ।

> दुबै आँखा भरिएर आए । आँशुको कुनै रंग नभएकोले पुछ्न हतार गरिन । मन हलुका हुने आशले अविरल बग्न दिएँ । वर्षदैं ओभाउँदै गरे पालैपालो । आमा-बाको यादमा मेरा दुबै परेला ।

गालाभरी कट्कटीएका आँशुका धर्का सँगै पकाएँ बिहानको खाना ।

सबैलाई खुवाएँ । आफ्नो भने आज खाना निल्ने प्वाल खै के ले हो कुन्नी ? बन्द भए जस्तो भयो । जुठो मुख गरेर उठेँ । भान्छाको धन्दा सकेर कोठामा छिरेँ । र अघिदेखिका सबै कुराहरु टाप टीप पारेर कागजमा उतारेँ । के बन्छसँग पनि मतलब गरिन ।

जे होस्, मेरा बा-आमालाई कलमले यसरी नै धेरै पटक सम्झेको छु । सम्झनाका कुरा त कति गरुँ आमा ! अरुले आमाभन्दा तिमिलाई सम्झन्छु । छोरी ! भन्दै कसैले अरुलाई प्यारले बोलाउँदा पनि तिमिलाई नै सम्झन्छु । औडाहा हुन्छ । कति मायालु र मिजासिली थियौ मेरी आमा । बाटोमा तिमी जस्तै थुप्रै आमाहरु भेटिन्छन् । नजिकै गएर हेर्छु । उहाँहरुले मलाई नचिन्दा तिमिलाई फेरी सम्झन्छु । छाती चिरिएर आउँछ । एक्लै यो घाँटी कैयौं पटक बटारीएको छ । आँखा भरीएका छन् । गनेर साध्य छैन ।

बालाई पनि त त्यत्तिनै सम्झेको छु, जति तिमीलाई सम्झेँ । संघर्षमय आँधिबेहरी छिचोलेका कर्मठ, आँटिला,र इमानदार मेरा बा ! जब म, गल्ली गल्लीमा लौरोको सहारामा डुलिरहने तपाइँ जस्तै बाहरु देख्छु । नजिकै गएर बा ! भनी बोलाउँछु । कोही कोही त ठ्याक्कै तपाईंले झैँ नानी भन्नुहुन्छ । उखर्माउलो भएर आउँछ ।

दिएको कुरा कसैलाई नभन्नु रे भन्छन् तर, कयौंपटक मन्दिरको पेटीमा बस्ने बा-आमाहरुलाई तपाइँहरुको सम्झनामा पर्स रित्याएको छु मैले । उहाँहरुले मलाई चिनेझैं गर्दा पमि म रुन्छु तपाईंहरुलाई सम्झेर । अनि नचिने झैँ गर्दा पनि भक्कानिन्छु तपाईंहरुलाई नै सम्झेर ।

सम्झनामा मसँग भएको हजुरहरुको फोटो हेर्छु । मैले हेर्दा मात्र मलाई हेर्छ त्यसले । त्योभन्दा बढी अरु केही गर्दैन पुजनीय मेरा बा-आमा ! उतीबेला तपाईंहरुले म भित्र रोप्नुभएको साहित्यको बिउ आज बिस्तारै उम्रँदै छ । रोपेको बिरुवा हुर्कन नपाउँदै जानुभयो । मैले गरेका सिर्जना हजुरहरुलाई देखाउन नपाउँदा पल पलमा निराश हुन्छु ।

सँगै हुन पाएको भए, यो संसारमा मेरो प्रगतिमा हजुरहरु जति खुशी अरु को हुन्थ्यो होला ? जस्तो लाग्छ । आज मलाई मेरा छोराछोरी र हजुरको ज्वाईंले धेरै खुशी दिनुभएको छ । यसमा पनि हजुरहरुको आशीर्वाद मिसिएको छ र भविष्यमा पनि सधैं मलाई मार्ग निर्देशन गरीराख्नु होला । गल्ती गरेमा खबरदारी गर्नु होला । अगाडी बढ्ने हौशला र आशीर्वादको भोको छु । सपनामै आएर भनेपनि दिनुहोला । दिदी, दाई, भाउजू र भदाहा भदैले माइतिको झझल्को मेटाएका छन् । तर तपाईंहरुका यादका खत मेटाउने केही छैन आमा मसँग !

कविता

## नम्मी !



राजनारायण राई

आऊ नम्मी
सुम्निमा पारुहाङको
वर सम्झनु क्या त
तिम्रो गम्बुट च्यातिएर
खुट्टा भरि भरि
पानीसँगै संघर्ष गर्दै गर्दै
पाछीएर कट कट दुख्ने
खुट्टाको पैताला र खुट्टाकै बुडी अम्लालाई
अनि
चिया मुना टिपेर टिपेर
तिम्रो त्यो चिरै चिरा फुटिराको
हातको औम्लीहरुलाई
तब
त्यै अम्ली जोडेर
त्यै दुख्ने घुडो टेकेर
दिमा दिवालुङ्ग र खिरिलुङलाई प्रार्थना गर्नु कि'
फेरिको अर्को जन्म
चियाबारी बिच कतैको
गाममा नहोस् भनेर ।
किनकि
त्यै चियाबारीको
त्यै शोसक साइरिनले
उठ बस पारेर
त्यै कारखानाको कलपुर्जाहरुले
शासकहरुको गुण गाएरै
त्यै कलपुर्जाहरुको उराठ धुनले
श्रमिकहरूलाई दबाएरै
शासकहरूलाई मिठो फल
निर्धोहरूलाई तितो पल
त्यो नियम
उइले उइले बाजे बाउदेखि
आईले तिम्रो पालोसम्म छँदैछ नि ।
खै त उन्नतिको घाम
तिम्रो आङ्मा लागेको ?
यसैले
औं नम्मी
तिम्रो कचाल्टिराको
मायालाग्दो सिकुटे
खङ्ग्रङगै परिराको
हाढ र छालाबाट फेरि
त्यै रक्त पिपासुहरुकै निम्ति
रगतको बलि चढ्नुभन्दा
बरू
नम्मी तिम्ले
कुनै एक देशको
कुनै एक ठाममा
अथवा
कुनै शहर गल्लिबिचको
सानो घरमा
अर्को जन्मलिएर आउनु
ताकि तिम्रो भाग्य पनि
उतिबेला फलिफापले
तिम्लाई
अलिकति शान्ति मिलोस्
अलिकति खुशी मिलोस्
अलिकति सुःख मिलोस् ।
त्यतिबेला तिम्ले पनि
एक लाख रुपियाँ किलो
बराबरको त्यै दार्जिलिङ्गमा
बेस्सरी बेस्सरी चेप्टिएर बनिएको
कुनै एक कारखानाको
कुनै एक प्रख्यात
चिया चुस्कि लिँदै
तिम्ले पनि
अर्को जुनीमा
रमाउँदै गरेको,
हाँस्दै गरेको,
बाँच्दै गरेको,
मैले पनि
कुनै एक शहरको ठामबाट
मेरी पूर्व जन्मकी
प्यारी नम्मी
तिम्रो हालखबरहरू सधैँ सधैँ
सुनिराको हुनेछु
सुनिराको हुनेछु शायद...॥

# दीनानाथको कवितामा प्रकृति प्रेम र प्रगतिशिलता



■ रसुवाली कवि

> दीनानाथ शर्माका कविताहरु अनेकौं विषयमा छन् । उनी स्वच्छन्द ढंगले पनि पोखिएका छन् । उनको लेखनमा सचेत क्रान्तिकारिता पनि छ । देखेका, भोगेका, जानेका र आफूलाई छोएका विषयहरुमा उनले निर्धक्क अक्षरहरुमार्फत भावना कुँदेका छन् । नेपाली माटोदेखि काठमाडौंको सभ्यतासम्मलाई लेखेका छन् ।

नेपाली गद्य कविताको इतिहास लामो छ । नेपाली प्रगतिशील कविता र नेपाली गद्य कविताको इतिहाससँगसँगै सुरुवात भयो । प्रगतिशील कवि गोपालप्रसाद रिमालको सक्रियतामा नेपाली गद्य कविताको सुव्यवस्थित युगको सुरुवात भयो । उनको कविता संग्रह 'आमाको सपना' गद्य कविताको मानक कृति बन्यो । त्यही आसपास कवि भुपी शेरचनले गद्य कविताको आयाम फराकिलो पारे ।

नेपाली भूमिमा चलेको जनयुद्धकालमा पनि थुप्रै कविताहरु लेखिए । पूर्ण बिरामदेखि कृष्ण सेन इच्छुकसम्मले जनयुद्धको गरिमालाई काव्यात्मकरूपमा व्यक्त गरे । राजनीतिककर्मी तथा साहित्यकार दीनानाथ शर्मा नेपाली प्रगतिशील कविताको क्षेत्रमा तरङ्ग कविता संग्रहसहित उपस्थित छन् । तरङ्ग कविता संग्रहमा नेपाली समाज, प्रकृति, राजनीति, जनजीवन र आम मानिसका अन्तर मनको सुस्केरा छ । कवि दीनानाथको शैलीमा नविनता छ । विषयवस्तुलाई टपक्क टिपेर पाठकको मन छुने गरी लेखिएका कविताहरुमा मौलिकता झल्कन्छ । निजात्मक भोगाइलाई पनि उनले सहज र सरल ढंगले पस्केका छन् ।

*कति राम्रो गुलाब फुल्यो नन्दी बगैंचामा*
*तिम्रो माया गडेको छ मेरो कलेजीमा*
*कहिले पनि चुड्ने छैन सुन्दर गुलावलाई*
*हृदयमा राखिछाडे मेरो सम्झनालाई*
*- गुलाबप्रती ( पेज १०)*

उनले यो कविता २०२३ सालमै लेखेका रहेछन् । सिर्जना पत्रिकामा प्रकाशित पनि भएको रहेछ । जनयुद्धकालमा लेखिएका उनका कविताहरु तत्कालीन सत्ताले कब्जा गरेपछि उनी एक्लै बसेर रोएछन् । कविताप्रतिको उनको यो असाध्यै ठूलो निष्ठा हो । राजनीतिमा सधैं एकनास हुँदैन । सत्तालाई मन नपर्ने विचारहरुप्रति लगाम लगाइन्छ । दीनानाथका कविताहरु पनि जनयुद्धकालमा खरानी बनाइए । उनका धेरै कविता जनयुद्धपछि लेखिए । तरङ्ग कविता संग्रहमा साठीको दसक उकुसमुकुसलाई काव्यिक ढंगले उठाइएको छ ।

*मैले जुवा हार्न सक्छु*
*मैले चुनाव हार्न सक्छु*
*घोडा चढ्ने आँट गर्दा*
*कहिलेकाहीँ लड्न सक्छु*
*सत्य र न्यायको लडाईंमा पनि*
*कहिलेकाहीं हार्न सक्छु*
*मैले के गर्न सक्दिन (पेज १३८)*

साठीको दशक रोचक रह्यो । नेकपा (माओवादी)ले सञ्चालन गरेको जनयुद्ध देशभरि फैलियो । सत्तरीको दशकमा शान्ति सम्झौतामार्फत माओवादीहरु खुल्ला मोर्चामा आए । युगौं लामो राजतन्त्रको अन्त्य भयो । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो । नेपाली साहित्यमा जनयुद्ध र जनयुद्धपछिको सन्दर्भमा हजारौंले कलम चलाएका छन् । कतिपयले त परिवर्तनको आन्दोलनप्रति अतिवादी कोणबाट पनि लेखेका छन् । कतिपयले वर्ग संघर्षकै उत्कर्सको रुपमा जनयुद्धलाई साहित्यमा व्यक्त गरेका छन् । दीनानाथका कवितामा जनयुद्धप्रति असाध्यै प्रेम र जनताको उत्सर्गप्रति सम्मान छ ।

*म सपनामा हराउन सक्दिन*
*विपनामा देखिन सक्छु*



***कृति - तरङ्ग(कविता संग्रह)***
***कवि - दीनानाथ शर्मा***
***प्रकाशक - शमी सम प्रकाशन गृह***
***पृष्ठसंख्या - १७८***
***मुल्य - १९९***
***संस्करण - पहिलो चैत २०७०***

*म इतिहासमा हराउन सक्दिन*
*वर्तमानमा भेटिन सक्छु*
*म भविष्यलाई साँच्न सक्दिन*
*वर्तमानमा नाँच्न सक्छु*
*वर्तमान इतिहास रच्नका लागि (पेज १००)*

दीनानाथ शर्माका कविताहरु अनेकौं विषयमा छन् । उनी स्वच्छन्द ढंगले पनि पोखिएका छन् । उनको लेखनमा सचेत क्रान्तिकारिता पनि छ । देखेका, भोगेका, जानेका र आफूलाई छोएका विषयहरुमा उनले निर्धक्क अक्षरहरुमार्फत भावना कुँदेका छन् । नेपाली माटोदेखि काठमाडौंको सभ्यतासम्मलाई लेखेका छन् । आदर्श परिवारदेखि र अलपत्र यात्रीसम्मको पीडालाई छाम्ने प्रयास गरेका छन् । कवितालाई कविता बनाउने उनको आफ्नै तरिका छ ।

भनिन्छ हरेक कुरालाई कवितामा ढाल्न सकिन्छ । त्यसको निम्ति लेख्ने कला र शैली हुनुपर्छ । दीनानाथले आफ्ना कविताहरुमा निजात्मक शैली र सम्प्रेषणीय कलाप्रति ध्यान दिएका छन् ।

*आस्था र अस्तित्वको मन्दिरहरुमा*
*गजुरहरु गल्यार्म गुर्लुम ढलिसक्दा पनि*
*घृणा र तिरस्कारको संसारमा*
*गाहाकी खोज्दैछ अझैँ*
*देश बिक्रिको विज्ञापन गरेर*
*पशुपतिको साढेँ*
*गल्ली र चोक चहार्दै*
*दिनगन्ती गर्दैछ अस्तित्वको*
*(भग्नावशेष पेज १२१)*

कविता यस्तै हुनुपर्छ भन्ने परिभाषा हुँदैन । कविता परिभाषाभित्र बाँधिएपछि कविता सीमाहिन हुँदैन । कविता बाँधिदैन । कविताको फैलावट व्यापक हुन्छ । दीनानाथका कवितामा आजको युगको मार्मिकता छ । प्रकृतिप्रेम छ । प्रगतिशिलता छ । मानवताको अजर स्वर छ । मान्छेको मनले देख्ने संसार छ । आँखाले नदेख्ने गहिराई छ । शोषणमा परेका वर्गको पक्षधरता भेटिन्छ तरङ्ग कविता संग्रहमा । ती मान्छेको स्वर पनि भेटिन्छ । कतै कतै अलिअलि अशुद्धता पनि देखिन्छ । भाषालाई सुधार गर्दै लैजान सकिन्छ । मुख्य कुरा कवितामार्फत पाठकले महशुस गरेर ज्ञानतत्व र सन्देश नै हो । जुन ज्ञानतत्व र सन्देश सवाल छ । दीनानाथ सचेत छन् । आजको साहित्यले फगत कलाको भारी बोकेर मात्र पुग्दैन । सामाजिक उत्तरदायित्व र पक्षधरता बोक्नुपर्छ । यति भन्न सकिन्छ दीनानाथ शर्माको काव्यिक व्यक्तित्व बुझ्न तरङ्ग कविता संग्रह पढन जरुरी छ । उनी विचार र कलामा सजक छन् । उनका कविता सरल र सहज छन् ।

## तपाईको राशिफल

| | |
|---|---|
| मेष | : अशान्तिमा वृद्धि हुनेछ । तथापी, कार्यमा सफलता मिल्नेछ । |
| वृष | : मनोबल उच्च रहन्छ । आकस्मिक लाभको योग छ । |
| मिथुन | : फाल्तु खर्च हुने योग छ । वाहन सावधानी राख्नुहोला । |
| कर्कट | : लापरवाहीले गर्दा अशान्ति र रुकावटको योग छ । |
| सिंह | : विरोधी सकिय रहन्छन् । धर्मपालनामा रुची बढ्नेछ । |
| कन्या | : नयाँ काम बन्नेछ । सन्तानको कार्यमा प्रगति हुनेछ । |
| तुला | : सामाजिक कार्यहरुमा वृद्धि हुनेछ । खर्च बढी हुनेछ । |
| वृश्चिक | : मुद्दा जित्ने योग छ । जनसम्पर्कमा वृद्धि हुनेछ । |
| धनु | : यश र प्रभाव बढ्नेछ । धैर्य राखेमा सफलता मिल्नेछ । |
| मकर | : कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । सोचेको काम पूरा हुनेछ । |
| कुम्भ | : पराक्रममा वृद्धिको योग छ । धन प्राप्ति हुनेछ । |
| मीन | : कार्यहरुमा अनुकूल प्रगति हुनेछ । जिद्दी नगर्नु होला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# रुकुम पश्चिममा वर्षा, गहुँमा क्षति



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १७ चैत

रुकुम पश्चिमका विभिन्न स्थानमा भारी वर्षा भएको छ । वर्षाका कारण जनजीवन कस्टकर बनेको छ । विशेषगरी लेकमा भैंसी र भेडा हेर्ने मानिस समस्यामा परेको बाँफिकोट गाउँपालिकाको भनभने लेकमा बस्दै आएका स्यालाखदीका कुईरे बुढाको भनाइ छ ।

भारी वर्षाले पाक्न लागेको गहुँमासमेत क्षति पुगेको र काटिएका गहुँ पनि पानीले भिजेको चौरजहारी ९ की किसान कविता पाण्डेले बताइन् ।

बिहानदेखि परेको झरीका कारण मानिसहरूलाई घर बाहिर निस्किन पनि समस्या परेको छ । वर्षाका कारण सदरमुकाम मुसिकोट, खलंगा बजारलगायत अन्य बजार पनि सुनसान भएको मुसिकोटका व्यापारी भागिराम ओलीले बताए ।

# गुजरामा महाविष्णु महायज्ञ शुरु



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ चैत

रौतहट गुजरा नगरपालिका २ कटानी राई टोलमा कलश यात्रासँगै श्री महाविष्णु महायज्ञ शुरु भएको छ । बिहीबार देखि शुरु भएको ९ दिने महायज्ञको पहिलो दिन एक हजार दुई सय पाँच जना कन्याद्वारा कलश यात्रा निकालिएको हो ।

यज्ञस्थलबाट कन्याहरुले रंगपुर, परसावा, मनहरावा इस्लामपुर, हरिहरपुर हुँदै लमाहा नदीबाट जल बोझी गरेर पुनः कटानीसम्म कलश यात्रा गरेका थिए । बाजा गाजासहित कलश यात्रा सम्पन्न भएसँगै महायज्ञ शुरुवात भएको छ ।

महायज्ञको उद्घाटन गुजारा नगरपालिका वडा नम्बर २ का अध्यक्ष अशोक खान थारुले गरेका थिए । नगर प्रमुख संतलाल चौधरीले महायज्ञको उद्घाटन गर्ने कार्यक्रम तय भएको भए पनि उनको स्वास्थ्यमा समस्या देखिएकाले उपचारको लागि बाहिर रहेकाले उपस्थित हुन सकेका थिएनन् । कलश यात्रामा वडा अध्यक्ष अशोक खान थारु, सुरेन्द्र तिमलसिना, मेला समितिका प्रतिनिधि, जनप्रतिनिधि लगायतको सहभागिता रहेको थियो । नौ दिनसम्म चल्ने महायज्ञमा रासलिला, प्रवचनलगायत विभिन्न धार्मिक प्रस्तुति रहनेछ ।

महायज्ञमा श्री श्री १००८ श्री योगेन्द्र महाराजा मुलापुजारी तथा सहयोगीमा ओमप्रकाश साह कार्यपालिका सदस्य रहेका थिए ।

## MALAYSIA र QATAR मा रोजगार

१. कम्पनी: DWZ INDUSTRIES SDN.BND  शहर: JALAN
पूर्व स्वीकृत मिति: २०७९/१२/१६  चलानी नं.: ६०१९९११५  LT. No.:283778

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
